# परिशिष्ट क

# मोरङको परिचयात्मक विवरण र तथ्याङ्क

मोरङ नेपाल अधिराज्यका ७५ जिल्लामध्ये एक अग्रणी र अत्यन्तै महत्त्वपूर्ण जिल्ला हो । पहिले हालको झापा, सुनसरी र मिकलुङ्गा पहाडका केही थुमहरूसहितको मोरङ जिल्ला रहेकोमा २०१९ सालमा अहिलेको मोरङ कायम भएको हो । कोशी अञ्चलको दोस्रो ठूलो जिल्लाको रूपमा रहेको मोरङको धेरै भाग तराई र थोरै उत्तरी भाग मिकलुङ्गा पहाडमा पर्छ । उत्तर-दक्षिण ५५ किलोमिटर र पूर्व-पश्चिम ४६ किलोमिटर लम्बाई भएको मोरङको उत्तरी भागले कोशी अञ्चलको पहाडी जिल्ला धनकुटा र मेची अञ्चलको पहाडी जिल्ला पाँचथरलाई छोएको छ । यसको पूर्वतर्फ मेची अञ्चलका तराई जिल्ला झापा र पहाडी जिल्ला इलाम रहेको छ । पश्चिममा कोशी अञ्चलकै सुनसरी जिल्ला र दक्षिणी सीमामा भारत गणराज्यको बिहार प्रान्त अवस्थित छ । मोरङ जिल्लाको वस्तुस्थितिलाई तलको तथ्याङ्कमार्फत् देखाइएको छ ।

| | |
|---|---|
| **कूल क्षेत्रफल** | १,८५,,५०० हेक्टर |
| **कूल जनसङ्ख्या**[१७] | ८,४३,२२० |
| पुरुष | ४,२२,८९५ |
| महिला | ४,२०,३२५ |
| परिवार सङ्ख्या | १,६७,८७५ |
| जनघनत्व | ४५४.५६ प्रति हेक्टर |
| प्रति परिवार सदस्य | ५.०२ |
| जनसङ्ख्या वृद्धिदर | २.२७ प्रतिशत |
| औसत आयु | ६६.५ वर्ष |
| **बसोवास** | |
| शहरी क्षेत्रमा | २२.०४ प्रतिशत |
| ग्रामीण क्षेत्रमा | ७७.९६ प्रतिशत |
| **रोजगार** | |
| कृषि | ३ प्रतिशत |
| उद्योग | ५.४ प्रतिशत |

[१७] २०५८को जनगणनाअनुसार ।

| | |
|---|---|
| व्यापार | ४.६ प्रतिशत |
| विविध | ७ प्रतिशत |
| **शैक्षिक स्थिति** | |
| कूल साक्षरता | ५६.७ प्रतिशत |
| पुरुष साक्षरता | ६६.८ प्रतिशत |
| महिला साक्षरता | ४६.६ प्रतिशत |
| क्याम्पस संख्या | १४ (४ सरकारी, १० निजी) |
| उच्च माध्यामिक विद्यालय संख्या | २१ (१४ सरकारी, ७ निजी) |
| माध्यमिक विद्यालय संख्या | १३२ (८२ सरकारी, ५० निजी) |
| निम्न माध्यमिक विद्यालय संख्या | ९६ (८२ सरकारी, १४ निजी) |
| प्राथमिक विद्यालय | ४२४ (३२५ सरकारी, ९९ निजी) |
| प्राविधिक शिक्षालय | १० (१ सरकारी, ९ निजी) |
| विश्वविद्यालय | १ (पूर्वाञ्चल विश्वविद्यालय) |
| **सञ्चार** | |
| टेलिफोन सेवा | ४८ गाविस र एक नगरपालिकामा उपलब्ध |
| विराटनगर | १३५१४ लाइन |
| उर्लाबारी एक्सचेन्ज | ४८२ लाइन |
| रंगेली एक्सचेन्ज | ४४१ लाइन |
| लेटांग एकसचेन्ज | १७२ लाइन |
| पथरी | ३७८ लाइन |
| विराटचौक | ४६० लाइन |
| कर्सिया | ६५ लाइन |
| मार्ट्स प्रणाली | ४८ सेट |
| भी.एच.एफ. | ४० लाइन |
| मोबाइल (प्रिपेड ३४८३/ पोष्ट पेड १९१६) | ५३९९ सेट (नेपाल दूरसञ्चार संस्थानका अनुसार, २०६० सालसम्म) |
| **यातायात** | |
| पक्की सडक (कालोपत्रे) | १९६ किलोमिटर |
| ग्राभेल | ६८७.८ किलोमिटर |
| कच्ची | ११७६.१ किलोमिटर |
| पक्की पुल | ४३ वटा |
| कच्ची पुल | १४१ वटा |
| झोलुंगे पुल | ७ वटा |
| यातायात पुगेको गाविस | ५० वटा |
| हवाई मैदान | १ वटा |
| **उद्योग/बैंक** | |
| ठूला/मझौला | १७७ (साझेदारी-५१, प्राइभेट लिमिटेड-१२६) |
| घरेलु उद्योग | १,६८० |
| नेपाल राष्ट्र बैंक | १ |
| राष्ट्रिय वाणिज्य बैंक | १० |
| नेपाल बैंक लिमिटेड | ७ |
| ग्रामीण विकास बैंक | १२ (इलाका कार्यालयसमेत) |
| कृषि विकास बैंक | १५ |

| | |
|---|---|
| नेपाल औद्योगिक विकास निगम | १ |
| स्टाण्डर्ड चार्टर बैंक नेपाल | १ |
| नेपाल अरब बैंक लि. | १ |
| नेपाल औं. तथा व्या. बैंक | १ |
| एस.बी.आई. बैंक | १ |
| एभरेष्ट बैंक | १ |
| नेपाल बंगलादेश बैंक | १ |
| नेपाल क्रेडिट एण्ड कमर्श बैंक | १ |
| **प्रतिव्यक्ति आय** | ७,६०९।- (मानव विकास प्रतिवेदन १९९६ अनुसार) |
| **मानवीय विकास सूचकाङ्क** | ०.४२१ |
| **आय सूचकाङ्क** | ०.१७८ |
| **मुख्य भाषा** | नेपाली, थारु, धिमाल, राजवंशी, सतार, राई, लिम्बू, मगर, मैथिली, भोजपुरी, हिन्दी र उर्दू । |
| **नगरपालिका** | विराटनगर उपमहानगरपालिका |
| **गाउँ विकास समितिहरू** | अमाही बरियाती, अमरदह, आपगाछी, बबियाविर्ता, बाहुनी, बैजनाथपुर, बनिगामा, बरडंगा, बयरवन, बेलबारी, भौडाहा, भोगटेनी, बुधनगर, दादरबैरिया, डाइनियाँ, डाँगीहाट, डंग्राहा, दर्वेशा, दुलारी, गोविन्दपुर, हरैंचा, हसन्दह, हात्तीमुडा, होक्लावारी, इन्द्रपुर, इटहरा, जांते, झोराहाट, झुर्किया, कसेनी, कटहरी, कदमाहा, केराबारी, केरौन, लखनतरी, लेटाङ, मधुमल्ला, महादेवा, मझारे, भाथिगछ, मोतीपुर, मृगौलिया, नोचा, पथरी, पाटी, पोखरिया, राजघाट, रमितेखोला, रंगेली, शनिश्चरे, सिद्राहा, सिजुवा, सिंहदेवी, सिसवनी बडहरा, सिसवनी जहदा, सोह्राभाग, सुन्दरपुर, टकुवा, टंकीसिनुवारी, तेतरिया, थलाहा, उर्लाबारी, वारंगी, यांगशिला र टांडी । |

***मोरङको संस्थागत विवरण*** (पोखरेल २०५९)[१८]

| | | |
|---|---|---|
| मोरङमा रहेका गैरसरकारी संस्था | | १,५०३ |
| मोरङबाहिर दर्ता भै मोरङमा कार्यरत संस्था | (०५८/५९ सम्म) | ४६ |
| सहकारी संस्थाहरू | | २६४ |
| छापाखाना | | १४४ |

[१८] क्षेत्रीय सञ्चार स्रोत केन्द्रका अनुसार विनायक अफसेट प्रेस (स्थापना-आ.व.०४१/४२) मोरङको पहिलो अफसेट हो । मोरङमा जम्मा ७२ वटा छापाखाना (त्यसमध्ये अफसेट प्रेस १५) छन् । विशेषतः छापाखानाको सङ्ख्यामा दुइवटा तथ्याङ्क (अर्थात् १४४ र ७२) देखिनुको कारण *मोरङको संस्थागत विवरण*ले दर्ता भएका छापाखानाको सङ्ख्यालाई देखाएको छ भने क्षेत्रीय सञ्चार स्रोत केन्द्रले सञ्चालन भैरहेका छापाखानाको सङ्ख्या मात्र राखेको छ । खासगरी कतिपयसँग छापाखाना सञ्चालनको दर्ता भए पनि ती छापाखानाहरू सञ्चालन भएका छैनन् । प्रायः धेरै पत्रकारले पत्रिका छाप्न भनी छुट्टै छापाखानाको दर्ता लिए पनि ती छापाखानाहरू स्थापना भएका छैनन् । मोरङको पहिलो कम्प्युटर इन्स्टिच्युट विराटनगरमा स्थापित इन्टेल कम्प्युटर सिष्टम (स्थापना २०४९ माघ २६) हो । हाल ९४ वटा कम्प्युटर इन्स्टिच्युट छन् ।